कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.११/०८२/८३

आज मिति २०८२।११।२८ गते बिहिबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.११/०८२/८३(एघारौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | [signature] | |
| २. | रौशन परविन | नगर उपप्रमुख | [signature] | |
| ३. | मोहन्त बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | [signature] | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | [signature] | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | [signature] | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | [signature] | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सर्बिर | वडा अध्यक्ष, वडा नं.१० | [signature] | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | [signature] | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | [signature] | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | रामविनय कुमार सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विजय अधिकारी | अधिकृत, आठौं | | |
| २. | महन्त ठाकुर | सहायकस्तर, पाँचौं | | |
| ३. | श्यामबाबु यादव | का. स. | | |
| | | | | |

## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं. ११/०८२/८३ मिति २०८२/११/२८ गतेको एजेण्डा तथा छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

प्रस्ताव नं. १ आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा यस कार्यालयमा आर्थिक सहयोगका लागी प्राप्त निवेदनहरु अनुसार छलफल देहाय अनुसारको सहयोग गर्ने निर्णय गरियो।

| क.सं. | विवरण | रकम | संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १ | सुवासिनी ओझा | रू. ५०००० | कलैया उपमहानगरपालिकाको दर्ता चलानी शाखामा कार्यरत सहयोगी निज सुवासिनि ओझा जटिल विरामी भई अपरेसन गरि उपचाररत |
| २ | महेश्वर साह कानु | रू.१२५००० | वडा नं. ४ मा शहरी सघन विकासको सहयोगमा अदालत देखी छठ घाट सम्म जाने ३० फिटे वाटो निर्माण को क्रममा नीजको घर मा क्षती हुन पुगेको। |
| ३ | जिनियस यूथ क्लब, कलैया-६ | रू. १५००० | विद्यार्थीहरुको लागी करियर काउन्सिलिङ गर्न |
| ४ | मिश्री साह, कलैया १२ | रू. ५००० | घरमा आगलागी भएको |
| ५ | नेपाल ग्रामिण विकास परिषद् | रू. २०००० | सिसहनिया प्रिमियर लीग संचालार्थ |
| ६ | करिमुल्लाह म्रिया बढै, कलैया २० | रू. १५००० | नाकको अप्रेसन गर्न |
| ७ | राजु गुप्ता कलैया-१ | रू. १५००० | पित्त थैलीको अपरेशन |

प्रस्ताव नं. २ तलबी अध्ययन विदा स्विकृत सम्बन्धमा।

निर्णय नं. २ यस कलैया उपमहानगरपालिका अन्तर्गत रामपुर आधारभूत स्वास्थ्य केन्द्र कलैया ९ मा कार्यरत जन स्वास्थ्य निरीक्षक श्री युसुफ आजाद अंसारीले मिति २०८२/११/२८ गते यस कार्यालयमा दिएको निवेदन अनुसार निजले चिकित्सा शिक्षा आयोग, सानोठिमी भक्तपुरले आव्हान गरेको स्नात्तकोतर तहको एकीकृत परीक्षामा सहभागी भई सरकारी कोटामा छनोट भएको र Pokhara

University अन्तर्गतको School of Health and Allied Science, Pokhara मा छनोट भई भर्ना समेत भएकोले मधेश प्रदेश स्थानीय सेवाको (गठन तथा संचालन ) ऐन २०८१ को दफा १२२ को उपदफा १ र ४ बमोजिम हुनेगरी सोहि ऐनको दफा १२७ बमोजिम कक्षा संचालन भए देखि २ वर्ष सम्मको लागी तलबी अध्ययन विदा स्विकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ स्व-मूल्याङ्कन समन्वय समिती गठन सम्बन्धमा।

निर्णय नं. ३ श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा जारी भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा संचालन) कार्यविधी २०८२ को नियम १४ बमोजिम देहाय अनुसार हुने गरी स्व-मूल्याङ्कन समन्वय समिती गठन गर्ने निर्णय गरियो।

संयोजक- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- शाखा प्रमुख (सामाजिक विकास शाखा)
सदस्य- शाखा प्रमुख ( लेखा शाखा)
सदस्य- शाखा प्रमुख ( पूर्वाधार विकास शाखा)
सदस्य- शाखा प्रमुख ( वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सदस्य सचिव- शाखा प्रमुख ( योजना शाखा)
फोकल पर्सन- स्थानीय शासन विज्ञ, कलैया उपमहानगरपालिका।

प्रस्ताव नं. ३ राष्ट्रिय योजना आयोगमा सिफारीस गर्ने सम्बन्धमा।

निर्णय नं. ३ कलैया उपमहानगरपालिकाको वडा नं. १९ का किसानहरुको लागि पम्प र बोरिंङ जडानको लागिं वडा कर्यालयको मिति २०८२/०९/२८ गतेको निर्णय अनुसार आवश्यक सहयोगार्थ श्री राष्ट्रिय योजना आयोगमा सिफारीस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ आर्थिक सहयोगको स्विकृत सम्बन्धमा।

निर्णय नं. ४ यस कलैया उपमहानगरपालिकाको वडा नं. २७ मा बस्ने श्री प्रसाद महतो क्यान्सर रोगबाट ग्रसीत भई निजलाई वडाको आर्थिक सहयोगको रकमबाट रू. ५०,००० उपलब्ध गराउनको लागी वडा कार्यालयको मिति २०८२/११/२८ गतेको पत्रानुसार निजलाई वडाको बजेटबाट रकम उपलब्ध गरांउने निर्णय गरियो।

प्रस्ताव र निर्णय नं. ५

यस नगर कार्यपालिकाको कार्यालयबाट लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित तथा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तेस्रो पक्षसंग सम्झौता गरि संचालन गर्दै आएकोमा चं. नं. ३३४ मिति २०८२/११/०५ आर्थिक प्रशासन शाखाबाट प्राप्त पत्रको व्होरामा आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन २०७६, तथा नियमावली २०७७, मिति २०८२/०६/०५ गतेको संघीय मन्त्री परिषदको निर्णय तथा मिति २०८२/०६/०७ गतेको अर्थ मन्त्रालयको परिपत्र र आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेद अनुसार कार्यालयको विधामान जनशक्तिबाट सम्पादन हुने कार्यको लागि बाह्य सेवा परामर्शकर्ताबाट कार्य गराउन नमिल्ने भनि व्यहोरा अवगत भयो । तर यस कार्यालिकाको स्वीकृत दरवन्दीको तुलनामा न्युन जनशक्ति विधामान रहेको तथा यस्ता प्रकृतिका कार्यक्रमहरु कार्यालयको मौजुदा जनशक्तिबाट गराउदा कार्यालयंको दैनिक सेवा प्रवाहमा कठिनाई उत्पन्न हुने देखिएकोले तेस्रो पक्षबाट नै लक्षित वर्ग कार्यक्रम तपसिल बमोजिमको प्रक्रिया पुरा गरि संचालन गर्ने गरि सम्वन्धित शाखालाई निर्देशन दिने सर्वसमतिबाट स्वीकृत गरियो ।

तपसिल

१ कार्यालय प्रमुखले अख्तियारी दिएको खण्डमा वडा सचिवले विनियोजित बजेट सिमाको आधारमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ को अधिनमा रहि खरिद प्रक्रया छनोट गरि प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका अनुसार कार्यक्रमको लागत अनुमान तयार गरि स्वीकृत गर्ने, ५ दिने सूचना प्रकाशन गरि, पेश हनु आएका परामर्शदाता तुलनात्मक तालिका तयार गरी न्यून अंक कबोल गरेको परामर्शदाता छनोट गरि सम्झौताको लागि यस कार्यालयलाई सिफारिस गर्नु पर्ने छ ।

२ वडा कार्यालयबाट प्राप्त सिफारिसको आधारमा यस कार्यालयले सम्वन्धित परामर्शदाता संग सम्झौता गरि कार्यदिश दिने छ ।

वडा कार्यालबाट प्राप्त सिफारिसको आधारमा यस कार्यालयले सम्वन्धित परामर्शदाता संग सम्झौता गरि कार्यदिश दिने छ।

३ परामर्शदाताले कार्यक्रम संचालन गर्दा सार्वजनिक संस्थाको भवनमा संचालन गर्नु पर्ने छ । र सो संस्थाबाट कार्यक्रम संचालन भएको मिति तथा उपस्थित संख्या खुल्ने गरि सिफारिस समेत राख्नु पर्ने छ ।

४ सहभागीहरुको उपस्थिति गराउदा नागरिकता नं. र सम्पर्क नं. अनिवार्य रुपमा राख्नु पर्ने छ ।

५ कार्यक्रम संचालन अवधिभर न्यूनत्तम ३ पटक सम्वन्धित वडाका पदाधिकारी एवंम कार्यक्रमसंग सम्वन्धित शाखामा कार्यरत कर्मचारीहरुबाट अनुगमन भई गुणस्तरीय काम भएको सुनिश्चित हुने गरि प्रतिवेदन पेश गर्नु पर्ने छ ।

६ कार्यक्रम सम्पन्न पश्चात परामर्शदाताले भुक्तानीको लागि माग गरेमा सम्वन्धित शाखाले सम्पूर्ण कागजातको अध्ययन गरि रित पुगेको भए भुक्तानीको लागि टिप्पणी कार्यालय प्रमुख सपक्ष पेश गर्नु पर्ने छ ।

७ बुदा नं ४ अनुसार कार्यालय प्रमुखबाट भुक्तानीको टिप्पणी स्वीकृत भई आर्थिक प्रशासन शाखामा पेश भएमा आर्थिक प्रशासन शाखाले भुक्तानी दिनु पर्ने छ ।